# ‘विपद् व्यवस्थापनमा विपद् स्वयंसेवक तथा सूचकहरूको सञ्जाल प्रभावकारी’

**नेपाल समाचारपत्र, काठमाडौं**

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले विपद् स्वयंसेवक तथा विपद् सूचकहरूको सञ्जालमार्फत विपद्को पूर्व जानकारी, परिचालन, उद्धार एवं राहत कार्य प्रभावकारी हुने बताउनुभएको छ।

स्विजरल्यान्डको जेनेभामा सञ्चालन भइरहेको विपद् जोखिम न्यूनीकरणका लागि विश्वव्यापी प्लेटफर्मको आठौं सत्रलाई सम्बोधन गर्दै उहाँले सशस्त्र प्रहरी बल नेपालले विपद् व्यवस्थापन तालिम शिक्षालय र पर्वतीय उद्धार तालिम शिक्षालय स्थापना भई विपद् व्यवस्थापनसम्बन्धी उच्चस्तरीय तालिम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गरिरहेको बताउनुभयो। उहाँले विपद् स्वयंसेवक तथा विपद् सूचकमार्फत भौगोलिक तथा विपद्जन्य अवस्थामा छिटो सूचना प्राप्त हुने र यसले विपद् व्यवस्थापनमा सहकार्य तथा सहजता आउने भएकोले सशस्त्र प्रहरी बल नेपालले यस कार्यलाई उच्च प्राथमिकतामा राखेको जिकिर गर्नुभयो।

यस प्रकारको सञ्जाल र सामुदायिक साझेदारीले विपद्को पूर्व तयारी, व्यवस्थापन, उद्धार र राहतमा समेत स्थानीय समुदाय र सुरक्षाकर्मी बीचमा समन्वय हुने भएकोले यो कार्य विपद्सँग जुध्नको लागि उपयोगी र प्रभावकारी हुने उल्लेख गर्दै महानिरीक्षक अर्यालले अन्तर निकाय समन्वय र यससँग सम्बन्धित डाटाको आदान-प्रदान, युवा तथा समुदायलाई अग्रपंक्तिमा राखेर विपद्को सामना गर्न सकिने भएकोले जलवायु परिवर्तनको संवेदनशीलतालाई दृष्टिगत गरेर नेपालले हालै सगरमाथा संवादमार्फत विश्व संवादको थालनी गरेको पनि बताउनुभयो।

सम्बोधनका क्रममा उहाँले नेपाल प्राकृतिक विपद्हरूको अग्रपंक्तिमा रहेकोले यस्ता प्रकारका चुनौती सामना गर्न र विपद् जोखिम न्यूनीकरण गर्न दृढ प्रतिबद्ध रहेको बताउनुभयो। विश्वभरका विपद्सँग सम्बन्धित देशहरूको सहभागिता रहेको कार्यक्रममा महानिरीक्षक अर्यालले विपद्को सामना गर्न एक्लो प्रयासले मात्र सम्भव नहुने भएकोले यसमा विश्व समुदायको सामूहिक प्रयास अन्तर निकाय समन्वय हुनेपर्नेमा जोड दिनुभयो।

विपद्लाई व्यवस्थापनलाई अझै प्रभावकारी बनाउन डिजास्टर गभरमेन्ट्स राम्रो हुनुपर्ने र सेन्दाई फ्रेमवर्क, पेरिस सम्झौता र दिगो विकास लक्ष्यहरूको प्रतिज्ञा पूरा गर्न एकैसाथ क्रियाशील हुनुपर्ने र त्यसलाई पूरा गर्नका लागि नेपाल सरकार र सशस्त्र प्रहरी बल नेपाल अग्रसर र प्रतिवद्ध रहेको समेत उहाँले बताउनुभएको सशस्त्र प्रहरी बलका सह प्रवक्ता डीएसपी शैलेन्द्र थापाले जानकारी दिनुभयो।

## ग्रीन सिटी अस्पताल र साउथ वेस्टर्नबीच समझदारीपत्रमा हस्ताक्षर

**काठमाडौं, (नेस)**

साउथ वेस्टर्न स्कुल अफ म्यानेजमेन्ट एन्ड टेक्नोलोजी बसुन्धरा काठमाडौं र ग्रीन सिटी अस्पताल बसुन्धराबीच आपसी सहकार्य, छात्रवृत्ति तथा अस्पतालमा उपलब्ध सेवाहरूमा छुट प्रदान गर्ने गरी मंगलवार समझदारी भएको छ।

समझदारीपत्रमा कलेजका तर्फबाट क्याम्पस प्रमुख ई. दीपकबहादुर धामी तथा अस्पतालका तर्फबाट अध्यक्ष लोकबहादुर टण्डनले हस्ताक्षर गर्नुभएको थियो। यो सहकार्यबाट अस्पताल तथा कलेजका कर्मचारी तथा विद्यार्थीहरू लाभान्वित हुने विश्वास लिइएको छ।

समझदारीपत्रमा साउथवेस्टन स्कुल अफ म्यानेजमेन्ट एन्ड टेक्नोलोजीमा अध्ययनरत विद्यार्थीहरू तथा कलेजमा कार्यरत शिक्षक कर्मचारीहरू, अस्पतालले उपलब्ध गराउने सेवाहरूमा १५ प्रतिशतसम्मको छुट प्रदान गर्ने र अस्पतालमा कार्यरत कर्मचारीका छोराछोरीहरूलाई कलेजले २० प्रतिशतसम्मको छात्रवृद्धि उपलब्ध गराउने उल्लेख छ।

यसबाहेक दुवै संस्थाबीच विद्यार्थीहरूको लागि हेल्थ क्याम्प आयोजना गर्ने तथा इन्टर्नसीपको अवसर उपलब्ध गराउनेसमेत समझदारी भएको छ।


**Alternative Energy Promotion Centre (AEPC)**
**Central Renewable Energy Fund (CREF)**
**Renewable Energy for Rural Livelihood (RERL)**
Khumaltar Height, Lalitpur, Nepal
Tel: **+977-1-5253775,5253785**, Email: **rerl@aepc.gov.np**
Website:: **www.aepc.gov.np, https://rerl.aepc.gov.np/**

**REQUEST FOR PROPOSALS**

Contract Identification Number: **AEPC/CREF/RERL/RFP/2024/25-03**
Date of Notice Publication: **5 June 2025**

Alternative Energy Promotion Centre (AEPC): The national focal agency promoting renewable energy technologies in Nepal, is currently executing the National Rural and Renewable Energy Program (NRREP) with support from the Government of Nepal and various international development partners. AEPC/CREF/RERL hereby Requests for Proposal (RFP) from eligible Consulting Firms/Institutions for the task **“Detail Feasibility Study of 1 lift and 3 gravity Irrigation Project in Bajura and Mugu District”.**

- The proposal must contain **Technical** and **Financial** proposals sealed in **Separate Envelopes**. Both the sealed proposals must be sealed in another single envelope mentioning the **Title** of the task and **RFP Number**.
- Detailed RFP (with ToR) for the above task can be downloaded from the **website: www.aepc.gov.np** or **www.cref.gov.np** or can be obtained from AEPC/RERL, Khumaltar Height, Lalitpur, Nepal.
- The proposal (in Hard Copy) must be delivered manually to the office of **AEPC/RERL, Khumaltar Height, Lalitpur** by **13:00 hour’s local time** on or before **20 June 2025.**
- Received Proposal (**Technical**) shall be opened in the presence of Proponents' representatives who choose to attend at **13:30 P.M. on 20 June 2025** at the office of **AEPC/RERL, Khumaltar Height, Lalitpur**, Nepal.
- The method of selection will be Quality and Cost Based Selection **(QCBS)**, **80:20** weightage for Technical and Financial proposals respectively.
- Other details are available in the RFP document.


## निजामती अस्पतालमा घुँडाको प्रत्यारोपण सेवा

**काठमाडौं, (नेस)**

नयाँ बानेश्वरस्थित निजामती कर्मचारी अस्पतालले नेपालमै पहिलोपटक कम्प्युटर नेभिगेसन प्रविधिको प्रयोग गरी घुँडाको प्रत्यारोपण (नि आर्थोप्लास्टी) सेवा शुरू गरेको छ।

पछिल्ला केही वर्षयता सेवा विस्तार र प्रविधि सुधारमा निरन्तर ध्यान दिँदै आएको निजामती अस्पतालले क्यान्सर उपचार सेवा, कार्डियाक केयर युनिट, डायलाइसिस सेवालगायतका सुविधा विस्तारपछि अहिले अत्याधुनिक घुँडा प्रत्यारोपण सेवा विस्तार गरेको हो। यो प्रविधिबाट घुँडाको जोर्नी प्रत्यारोपण गर्दा बिरामीलाई कम पीडा हुने, छिटो निको हुने र राम्रो परिणाम दिने विश्वास गरिएको छ।

## नर्भिकमा निःशुल्क ब्रेन ट्युमर ओपीडी

**काठमाडौं, (नेस)**

नर्भिक इन्टरनेसनल अस्पतालले विश्व ब्रेन ट्युमर दिवसका अवसरमा आगामी जेठ २४ गते वरिष्ठ न्युरोसर्जनको टिमद्वारा निःशुल्क ओपीडी सञ्चालन गर्ने भएको छ। सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न समयमा विभिन्न रोगको निःशुल्क ओपीडी र परामर्श सेवा सञ्चालन गर्दै आएको नर्भिकले वरिष्ठ कन्सल्टेन्ट न्युरोसर्जन प्राडा राजीव झाको नेतृत्वमा निःशुल्क ओपीडी सञ्चालन गर्न लागेको हो। दिउँसो २ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुने उक्त निःशुल्क ओपीडीमा वरिष्ठ कन्सल्टेन्ट न्युरोसर्जन डा. सुशीलमोहन भट्टराई, कन्सल्टेन्ट न्युरोसर्जनहरू डा. नम्रता खड्का र डा. राजीव शाह तथा मेडिकल अफिसर डा. पंकज साहले पनि सेवा दिनुहुनेछ।

### तीन...

मेयर बालेन्द्र साहले विभागीय प्रमुखको अधिकार कटौती गर्दै सो समितिलाई कानुनविपरीत सबै अधिकार दिएको खुलेको छ। सो समितिको समेत सदस्य रहनुभएका लम्सालले आफूले ती सुविधा नलिएको दाबी गर्नुभएको थियो। तर, सो दाबीविपरीत रकम बुझेको प्रमाण अख्तियारमा पुगेको छ।

कामपाले केही दिनअघि वित्त, वातावरण व्यवस्थापन विभाग, मेयर सचिवालय र अन्य विभागसँगसमेत समन्वयन गरी लम्सालसँग सम्बन्धित पत्र आयोगमा पठाएको थियो। सो पत्रका आधारमा आयोगले थप छानबिन गर्ने तयारी गरेको छ। लम्साल र ब्यञ्जनकारविरुद्ध अख्तियारले पत्र पठाए पनि लम्साल र मेयर सचिवालयमा आउनुभएको छैन। उच्चस्रोतका अनुसार लम्साललाई हिजो बुधबार अख्तियारले बोलाएको थियो। अर्का मेयरका व्यवस्थापक सल्लाहकार ब्यञ्जनकारलाई बोलाउने तयारी भइरहेको छ।

कामपा स्रोतका अनुसार सल्लाहकारद्वय लम्साल र ब्यञ्जनकारले कामपाको ठेक्का मिलाउने, विभिन्न विभागमा हस्तक्षेप गरी अनधिकृत रूपमा काम गराउने गर्नुभएको छ। लम्सालकै कारण मेयर साह विभिन्न टेन्डरमा बदनाम हुनुभएको छ भने कामपाका एक दर्जन कर्मचारी आयोगमा बयान दिन धाइरहेका छन्।

कामपाका अधिकांश उच्च कर्मचारीको भनाइ छ-‘कुनै पनि निर्णय गर्दा उहाँहरूको हस्ताक्षर हुँदैन। हामीले हस्ताक्षर नगरे सचिवालयको नाममा धम्की आउने गरेको छ।’

अवैतनिक सल्लाहकारको हैसियतमा लम्साल र ब्यञ्जनकार फ्रान्स भ्रमण गएको विषय चर्चामा आएपछि अख्तियारले दुई जनाको विषयमा छानबिन शुरू गरेको हो।

वातावरण र पूर्वाधार विज्ञ सल्लाहकार लम्सालको विज्ञ बन्नका लागि योग्यता पुगे नपुगेको पनि अख्तियारले अनुसन्धान गर्दैछ। अख्तियारले विभिन्न सामाजिक सञ्जालमा मेयर साहको स्टाटस पोस्ट गर्ने ब्यञ्जनकारको नियुक्ति र योग्यताको विषयमा समेत प्रश्न सोधेको छ।

### वर्षासँगै...

नेपालमा पहिलोपटक सन् २००६ मा डेंगु चितवनमा देखा परेको थियो। त्यतिखेर ३२ जनालाई डेंगु संक्रमण भएको थियो। त्यसपछि सन् २००७ मा २७ जना, २००८ मा १०, २००९ मा ३०, २०१० मा ९१७, २०११ मा ७९, २०१२ मा १८३, २०१३ मा ६४२ र २०१४ मा ३५६ जनालाई डेंगु संक्रमण भएको थियो। त्यसै गरी सन् २०१५ मा १३४ जना, २०१६ मा १ हजार ५२७, २०१७ मा २ हजार १११ जना र २०१८ मा ८११ जना डेंगु संक्रमित भएका थिए।

काठमाडौंमा मात्रै यो पाँच महिनाभित्र अर्थात गत जनवरीदेखि हालसम्म ११९मा डेंगु सक्रमण पुष्टि भएको छ। सन् २०२२ मा काठमाडौंमा डेंगुको प्रकोप निकै उच्च रहेको थियो। त्यतिबेला काठमाडौं डेंगु संक्रमितको संख्याको हिसाबले देशकै उच्च १० स्थानभित्र परेको थियो। पछिल्लो समय सन् २०२४ मा काठमाडौंमा ५ हजार ९१९ जनालाई डेंगुले सताएको थियो। सन् २०२३ मा जनवरी १ देखि अक्टुबर २९ सम्म देशैभरिको तथ्यांक हेर्दा कुल २ लाख ६७ हजार ६८० जना डेंगुबाट प्रभावित भएका थिए।

### निर्णायक...

जेठ १६ को माइतीघर प्रदर्शन, १७ को नारायणचौर र १९ को दीप प्रज्वलन कार्यक्रम केही सहभागिता रहे पनि २० गते सिफलचौरको प्रदर्शन अत्यन्तै फिक्का बनेको थियो।

पूर्व उपप्रधानमन्त्री तथा राप्रपा नेपालका अध्यक्ष थापाले आन्दोलनको प्रभावकारिता नै कमजोर भएको स्वीकार गर्दै भन्नुभयो- ‘आन्दोलनमा भावनाको विषय मात्र होइन, रणनीति र साझा दृष्टिकोणको संयोजन चाहिन्छ।’

दरबार हत्याकाण्डको स्मृतिमा जेठ १९ गते दीप प्रज्वलन गरिएको कार्यक्रममा युवराज दीपेन्द्रको तस्विर नराखिएकै कारण राजावादी समूहमै तनाव सिर्जना भयो। कार्यक्रममा उपस्थित एक आन्दोलनकारी रघु लामिछानेले भन्नुभयो- ‘दीपेन्द्र शाहका विरुद्ध जे सोचेर दीप प्रज्ज्वलन गरियो त्यसले हत्याकाण्डप्रति झनै आशंका जन्माएको छ। यो विभेदले आन्दोलनको उद्देश्य नै फिका बनायो।’

सामाजिक सञ्जालमा दीपेन्द्रविरुद्धको संकेतपूर्ण व्यवहारलाई लिएर पूर्वराजा ज्ञानेन्द्र शाहसमेत आलोचनाको केन्द्र बन्नुभएको छ। राजसंस्थाका समर्थकहरूमध्ये धेरैजसोले पूर्व युवराज्ञी हिमानी शाह र हृदयन्द्रको सहभागितालाई स्वागत गरे पनि दीपेन्द्रप्रति देखाइएको ‘उपेक्षा’ प्रति आक्रोश पोखेका छन्।

एकातिर, आन्दोलन चर्काउने भनिएका दुर्गा प्रसाईं प्रहरी हिरासतमा छन् भने अर्कातिर, उनीनिकट समूहले राप्रपाको आन्दोलन ‘पार्टीगत’ भएको भन्दै भाग लिएको छैन। प्रसाईं समूहको अनुपस्थितिले प्रदर्शनहरूमा ऊर्जा र भीड नै कम गरिदिएको विश्लेषकहरूको टिप्पणी छ।

गणतन्त्रवादी नेताहरूले राजावादी आन्दोलनको प्रभाव क्षीण हुँदै गएको बताएका छन्। नेकपा एमालेका युवा नेता एवं पूर्वमन्त्री महेश बस्नेतले भन्नुभयो- ‘राजावादी आन्दोलन नेतृत्वविहीन, उद्देश्यविहीन र रणनीतिविहीन छ। उनीहरू लोकतान्त्रिक मूल्यभन्दा भावनाको जालोमा फसेका छन्। जनता गणतन्त्रप्रति प्रतिबद्ध छन्, न कि अन्धविश्वासी राजतन्त्रप्रति।’

जेठ १५ को पहिलो दिन उत्साहजनक देखिएको प्रदर्शन यति छिट्टै गम्भीर अन्योल र विचलनमा पर्नु राजसंस्था पक्षधरहरूका लागि गम्भीर चिन्ताको विषय भएको छ। यसले आन्दोलनमाथिको विश्वास घटाएको छ र सडकमा उत्रिन खोजेका धेरै कार्यकर्ता फेरि घर फर्किएका छन्।

अहिलेको अवस्था हेर्दा राजावादी आन्दोलनले निर्णायक मोड लिनुभन्दा पहिले नै ‘संयोजन र स्पष्ट एजेन्डा’ अभावमा टुक्रिन थालेको देखिएको छ। नेतृत्व तहकै मतभेद, मुद्दाको अस्पष्टता र जनअपेक्षाको मूल्यांकन नगरी गरिने जुनसुकै आन्दोलन दीर्घकालीन प्रभाव पार्न असमर्थ हुन्छ भन्ने यथार्थ फेरि एकपटक पुष्टि भएको छ।


**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना**

(प्रकाशित मिति २०८२ साल जेठ महिना २२ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय हेटौंडाबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

| |
|---|
| **१) ऋणीको विवरण** |
| भरत केशरीको बुहारी सुशिल केशरीको पत्नी बारा जिल्ला हरैया वडा नं. ७ हाल, मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. १ बस्ने **सरिता कुमारी केशरी** (ना.प्र.नं. : ३३३०५३/३६७९ जारी मिति र जिल्ला : २०६३/११/२८, बारा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) छोटेलाल साह केशरीको नाति भरत केशरीको छोरा बारा जिल्ला हरैया वडा नं. ७ हाल, मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. १ बस्ने **सुशील केशरी** (ना.प्र.नं. : ३३३०५३/३६४ जारी मिति र जिल्ला : २०६३/११/३०, बारा) |
| २) हेमलाल ढकालको नाति पिताम्बर ढकालको छोरा मकवानपुर जिल्ला हेटौंडा वडा नं. ६ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. ६ बस्ने **हरिप्रसाद ढकाल** (ना.प्र.नं. : २४७०१ जारी मिति र जिल्ला : २०५०/०१/१०, मकवानपुर) |
| **२) ऋणीको विवरण** |
| अजीना प्रसाद गुप्ताको नाति नवल प्रसाद गुप्ताको छोरा बारा जिल्ला कलैया वडा नं. १३ हाल, मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने **बिजय गुप्ता कानु** (ना.प्र.नं. : ३३३०५५/६६० जारी मिति र जिल्ला : २०६३/१२/०९ , बारा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) नवल प्रसाद गुप्ताको बुहारी बिजय गुप्ता कानुको पत्नी बारा जिल्ला कलैया वडा नं. १३ हाल, मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने **लक्ष्मी देवी कानु** (ना.प्र.नं. : ३३१०५५/४६५१ जारी मिति र जिल्ला : २०७०/०४/०९, बारा) |
| २) बिन्देश्वरी प्रसाद साहको छोरी फुलेनाथ साहको बुहारी ओम प्रकाश साह कानुको पत्नी मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. १० बस्ने **शशी देवी कानु** (ना.प्र.नं. : ३३१०५५/५७२-बारा जारी मिति र जिल्ला : २०७८/०८/२४, मकवानपुर) |
| **३) ऋणीको विवरण** |
| अजमत मिया मंसुरीको नातिनी अलिअख्तर मिया मंसुरीको छोरी बारा जिल्ला रामपुर टोकनी वडा नं. ३ हाल, मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ११ बस्ने **नफिसाह खातुन** (ना.प्र.नं. : ३३१०९०/२८६६३ जारी मिति र जिल्ला : २०६९/०५/११ , बारा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) सदिक मियाको नातिको अजमत मिया मंसुरीको छोरा बारा जिल्ला रामपुर टोकनी वडा नं. ३ हाल, मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ११ बस्ने **अलिअख्तर मिया मंसुरी** (ना.प्र.नं. : १४२६/१३१७ जारी मिति र जिल्ला : २०४५/०१/१३, बारा) |
| २) सदिक मियाको नातिको अजमत मिया मंसुरीको छोरा बारा जिल्ला रामपुर टोकनी वडा नं. ३ हाल, मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ११ बस्ने **असरफ मिया मंसुरी** (ना.प्र.नं. : १९२५/१६४७ जारी मिति र जिल्ला : २०६२/०८/२६, बारा) |
| **४) ऋणीको विवरण** |
| कृष्ण प्रसाद सुबेदीको बुहारी कविराज सुबेदीको पत्नी मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने **निशा देवकोटा** (ना.प्र.नं. : ५९/३९२९५ जारी मिति र जिल्ला : २०६३/०७/२२, मकवानपुर) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) उमाकान्त सुबेदीको नाति कृष्ण प्रसाद सुबेदीको छोरा मकवानपुर जिल्ला हेटौंडा वडा नं. ५ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने **श्री कविराज सुबेदी** (ना.प्र.नं. : २०/२५३ जारी मिति र जिल्ला : २०५६/१२/२८ , मकवानपुर) |
| २) रघुनाथ घिमिरेको नातिनी नेत्र प्रसाद घिमिरेको छोरी मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने **रजिता घिमिरे** (ना.प्र.नं. : ३१-०१-७६-०८९९० जारी मिति र जिल्ला : २०७६/०९/१५ , मकवानपुर) |
| **५) ऋणीको विवरण** |
| कृष्ण प्रसाद सुबेदीको छोरी नेत्र प्रसाद घिमिरेको बुहारी राजु घिमिरेको पत्नी मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ५ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने **उमा सुबेदी** (ना.प्र.नं. : ५७/३७८३२ जारी मिति र जिल्ला : २०६३/०५/३० , मकवानपुर) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) रघुनाथ घिमिरेको नाति नेत्र प्रसाद घिमिरेको छोरा मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. ५ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने **राजु घिमिरे** (ना.प्र.नं. : ४९/३२२७० जारी मिति र जिल्ला : २०६२/११/११, मकवानपुर) |
| २) चन्द्रमणी हुमागाईको नाति भवनाथ हुमागाईको छोरा मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. ५ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने **अर्जुन प्रसाद हुमागाई** (ना.प्र.नं. : ५७/३७५४४ जारी मिति र जिल्ला : २०६३/०५/१५ , मकवानपुर) |

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



**Siddhalek Rural Municipality**
**Office of Municipal Executive**
**Bungchung, Dhading**

**Invitation for Bids**

First Date of Publication: 2082.02.21 (June 04, 2025)

Siddhalek Rural Municipality, Office of Municipal Executive, Bungchung, Dhading invites electronic bids for the following works under National Competitive Bidding (NCB)

| S.N. | Invitation for Bids No. | Name of Project | Estimated Amount (without VAT and Contingencies) | Bid Security (NRs) | Last Date of Bid Submission | Bid opening Date | Cost of Bidding Document (Nrs) | Remark |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SRM/NCB/W/ MCCP/02/082/083 | Municipality Compounding and Car Parking Construction Works | 86,68,504.43 | 2,40,000 | 06 July 2025, 12:00 | 06 July 2025, 13:00 | 3000.00 | |

Eligible Bidder may obtain further and detail information and shall take part in bidding process from PPMO’s website www.bolpatra.gov.np/egp

***Chief Administrative Officer***